नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि क्षेत्र विकास कार्यक्रम**
कार्यक्रम व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

IFAD
Investing in rural people

## के तपाईं बजार मागमा आधारित व्यावसायिक उत्पादन गरी आर्थिक उन्नती गर्न इच्छुक हुनुहुन्छ ?

मूल्य श्रृंखला विकास कोष (Value Chain Development Fund) Window २ अन्तर्गत सहकार्यका लागि इच्छुक एवं योग्य उत्पादक कृषक समूह/सहकारीबाट प्रस्तावना आव्हान सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९ मंसीर २५ गते**

नेपाल सरकार (GON) र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को संयुक्त लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्थानीय तह, निजी क्षेत्र र स्थानीय समुदायसँगको साझेदारीमा कर्णाली प्रदेशका दश वटै जिल्लामा कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) को कार्यान्वयन गरिरहेको छ । यस कार्यक्रमले बजार मागमा आधारित भई उच्च मूल्यका कृषि वस्तुको मूल्य शृंखलाहरुको सुदृढीकरण गर्दै व्यावसायिक उत्पादन र बजारीकरणको माध्यमबाट साना किसान र पछाडी परेका समुदायहरु (दलित, जनजाति, मुसलमान, युवा, भूमिहिन आदि) को आय आर्जनमा दिगो वृद्धि, खाद्य सुरक्षा र पोषणमा सुधार ल्याउने उद्देश्य लिएको छ । यो कार्यक्रमले सुर्खेत-दैलेख, सुर्खेत-जुम्ला, छिन्चु-जाजरकोट, राप्ती सडक र मध्य पहाडी लोकमार्ग अन्तर्गतका सूचिकृत उत्पादन क्लष्टरहरुमा मूल्य शृंखला विकास कोष मार्फत मूल्य शृंखलाको विकास तथा स्तरोन्नतिको कार्य गरिरहेको छ ।

**मूल्य शृंखला विकास कोष खण्ड-ख अन्तर्गत:**
प्रथम प्राथमिकतामा परेका मूल्य शृंखलाहरु: बेमौसमी तरकारी, खसीबोका, दूध, अदुवा, बेसार, स्थानीय बाली र पहाडी क्षेत्रमा बीउ आलु मूल्य शृंखला विकासको लागि तपसिलका जिल्लाका पालिका अन्तरगतका तोकिएका क्लष्टरहरुकमा व्यावसायिक उत्पादनका लागि **इच्छुक कृषक समूह र कृषि सहकारी संस्थाहरुबाट** सह-लगानी (Co-investment) को लागि निवेदन आव्हान गरिएको छ । सरदर २५ देखि ३० जना साना किसान आवद्ध भई सम्बन्धित निकायमा दर्ता भएको कृषक समुह, सहकारी एवं सहकारीका अन्तर समुहहरुले आवेदन दिन सक्नेछन् । सह-लगानीको हकमा ५०% वा प्रति कृषक घरधुरी बढिमा रु.४०,८००/-(पहाडी क्षेत्रमा) र रु. ५१,०००/-(हिमाली क्षेत्रमा) उपलब्ध हुनेछ । उत्पादन र उत्पादन पश्चातका क्रियाकलापहरुसंग औचित्यपूर्ण देखिएका सामूहिक लाभका पूर्वाधारहरु जस्तै: साना सिंचाइ (कुलो, सिचाइ पोखरी, बोरिङ्ग, सोलार लिफ्ट पम्प आदि), दुग्ध संकलन केन्द्र, डिपिङ्ग टैंक, रष्टिक स्टोर आदिमा कूल लगानीको अधिकतम ८५ प्रतिशत अथवा बढिमा रु २० लाख ४० हजारसम्म सह-लगानी गर्न सकिनेछ ।

| जिल्ला | न.पा/गा.पा | मूल्य शृंखला | क्लस्टर |
|---|---|---|---|
| रुकुम पश्चिम | बाफीकोट गा.पा., | खसीबोका | वडा ५, ७, ८, ९ र १० का सबै टोलहरु<br>वडा ६ का जिपसीङ्ग र स्याला, |
| | | बेमौसमी तरकारी | वडा १, २ र ४ का सबै टोलहरु<br>वडा ६ को मागमा |
| | | डेरी | वडा ३ का सबै टोलहरु |

नोट:

- माथि उल्लेखित पालिका बाहेक अन्य पालिकामा कृषि व्यवसायी वा व्यापारीहरुले छनौट गरेका क्लष्टरहरुमा पनि समूह तथा सहकारी पहिचान गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।
- कार्यक्रमले प्राथमिकीकरण गरेका थप अन्य मूल्य शृंखलाहरु जस्तै मह, तरकारीको बीउ, टिमुर, स्याउ, ओखर र सुन्तला जातका फलफूलमा सहकार्य गर्न इच्छुक कृषि व्यवसायी वा व्यापारीहरुको माग भएमा आवश्यक क्लष्टर र समूह सहकारीहरु पहिचान गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।
- समूह/सहकारीले अनिवार्य रुपमा PAN दर्ता गरेको हुनु पर्नेछ ।

लगानी निवेदन पेश गर्ने अन्तिम मिति २०७९ पौष २५ गते सम्म रहनेछ । सह-लगानीका लागि आवेदकको योग्यता, निवेदनको ढाँचा र सह लगानीका क्षेत्रहरु, सह-लगानी सिमा र प्रतिशत, क्लष्टरहरुको सूची लगायतको विस्तारित विवरण यस कार्यक्रमका समन्वय इकाई कार्यालयहरु र सम्बन्धित पालिकाको कृषि वा पशु शाखाका साथै कार्यक्रमको वेवसाइट www.asdp.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

यस सम्बन्धि थप जानकारी र निवेदन पेश गर्नका लागि कार्यक्रम समन्वय कार्यालय, वीरेन्द्रनगर सुर्खेत सम्पर्क नम्बर ०८३-५२३२९६, कार्यक्रम समन्वय ईकाई सल्यान ०८८-४१२०१९, कार्यक्रम समन्वय ईकाई जाजरकोट ०८९-४३०३३१ तथा सम्बन्धित पालिकाको कृषि तथा पशु शाखामा सम्पर्क गर्न सकिने छ । प्राप्त भएका लगानी निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यक्रममा अन्तर्निहीत हुनेछ ।

विनोद ... भट्टराई
कार्यक्रम संयोजक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# कृषि क्षेत्र विकास कार्यक्रम
वीरेन्द्रनगर, सुर्खेत

IFAD
Investing in rural people

मिति: २०७९।०८।२५

पत्र संख्या: ०७८/०७९
चलानी नम्बर:

**विषय: कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) अन्तर्गत सहलगानी सम्बन्धी सूचना आव्हान गरिएको ।**

श्री बाफीकोट गाउपालिका
रुकुम पश्चिम ।

प्रस्तुत विषयमा कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) अन्तर्गत सहलगानी सम्बन्धी राष्ट्रिय पत्रिकामा प्रकाशन गरिएको तपसिल बमोजिमको सूचना यसै पत्रसाथ संलग्न राखी ताहाँ पालिकामा पठाईएको छ । उक्त सूचना आ-आफनो पालिका एंव वडा कार्यालयहरुको सूचना पाटीमा टाँस गर्नुका साथै मूल्य श्रंखला विकास कोष (Window-2/खण्ड-२) का लागि पालिका अन्तर्गत छनौट गरिएका क्लष्टहरुमा व्यावसायिक उत्पादनका लागि सहलगानी को लागि ईच्छुक कृषक समुह र कृषि सहकारी संस्थाहरुमाझ व्यापक रुपमा प्रचार-प्रसार गरी ताहाँ पालिकाको कृषि तथा पशुपंन्छी विकास शाखामा संकलन गर्ने र लक्षित वर्गलाई सहजीकरण गर्ने कार्यमा सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । लक्षित वर्गलाई सहजीकरण गर्ने कार्यमा ताहाँ पालिका कार्यक्षेत्र तोकिएका यस कार्यक्रमका तर्फबाट खटिएका कृषि प्राविधिकहरुले सहयोग गर्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

| सिनं | सूचनाको विवरण | प्रथम पटक प्रकाशन मिति | निवेदन पेश गर्ने अन्तिम म्याद | सूचना प्रकाशित राष्ट्रिय दैनिक |
|---|---|---|---|---|
| १ | मूल्य श्रंखला विकास कोष खण्ड-२ (W-2) अन्तर्गत सहकार्यका लागि ईच्छुक एवं योग्य उत्पादक समुह/सहकारीबाट आशयपत्र आव्हान | २०७९ मङसिर २५ गते | २०७९ पौष २५ गते | युग आव्हान दैनिक |

Binod

विनोद कुमार भट्टराई
कार्यक्रम संयोजक

विनोद कुमार भट्टराई
कार्यक्रम संयोजक